रोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटुञ्जेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## खेलकुद प्रतियोगितामा पालना गर्नुपर्ने नियमहरुः

1) रोशी गाउँपालिका अन्तर्गतका सवै वडाहरुमा समेटिने गरी रोशी गाउँपालिका स्तरीय अध्यक्ष कप फुटबल प्रतियोगिता आयोजना गर्नुपर्नेछ र खेलकुदमा अन्य गाउँपालिका वा नगरपालिकाकाको खेलाडीहरुलाई खेलाउन पाइनेछैन ।
2) खेलकुद प्रतियोगितामा भाग लिने खेलाडीहरु रोशी गाउँपालिकाको स्थायी वासिन्दा हुनुपर्नेछ र टीम दर्ता गर्दा सवै खेलाडीहरुको प्रमाण खुल्ने कागजात(नागरिकता वा जन्मदर्ताको प्रमाण पत्र)को प्रतिलिपि अनिवार्य पेश गर्नेछ ।
3) फुटबल प्रतियोगिता नकआउट चरण वा पध्दतिमा खेलाउनुपर्नेछ, नकआउट चरणका खेलहरु ६० मिनेट, सेमीफाइनल खेल ७० मिनेट र फाइनल खेल ९० मिनेटको खेलाउनु पर्नेछ ।
4) खेलकुद प्रतियोगिताको क्रममा खेलाडीहरु सामान्य घाइते वा चोटपटक भएमा आयोजकले सामान्य उपचारको व्यवस्था मैदानमै गर्नेछ गम्भिर प्रकृतिको हकमा खेलाडी स्वयम जिम्मेवार हुनुपर्नेछ ।
5) खेलकुद प्रतियोगितामा सहभागी हुने हरेक टीमले जर्सी र बुटको व्यवस्था अनिवार्य रुपमा गर्नुपर्नेछ र खेलाडीहरुको जर्सी नम्बर स्पष्ट देखिने र फारममा फोटो अनिवार्यरुपमा टास्ने र फारममा लेखिएको जर्सी नम्बर अनुसारको खेलाडी हुनुपर्नेछ ।
6) एक टिममा ९ जना खेलाडीहरु प्येयिङ सेटमा सहभागी गराउनुपर्नेछ र अन्य ६ जना अतिरिक्त खेलाडीहरु राख्न पाइनेछ ।
7) खेलकुद प्रतियोगिता अवधिभर कुनै प्रकारको अवाञ्छित क्रियाकलापहरु बन्देज हुनेछ र यदि त्यस्तो क्रियाकलाप गरेमा प्रतियोगिताबाट स्वत बाहिरिनेछ ।
8) खेलभित्रको नियमहरु रेफ्री वा जजव्दारा निर्धारण हुनेछ र खेलकुद प्रतियोगितामा रेफ्रीको निर्णयनै अन्तिम हुनेछ ।
9) यदि खेल बराबरीमा समाप्त भएमा समय थप गरिनेछैन र उक्त खेलको निर्णय पेनाल्टी सुटआउटको आधारमा विजेता घोषणा गरिनेछ ।
10) खेलकुद प्रतियोगितामा टीम तथा खेलाडीहरुको दर्ता वडाध्यक्षको सिफारिसमा मात्र हुनेछ ।
11) टीम दर्ता गर्ने अन्तिम मिति २०७६ फागुन २४ गते अपरान्ह ४:०० बजेसम्म हुनेछ ।
12) टीम दर्ता रोशी गाउँपालिकाको शिक्षा शाखामा तोकिएको समयभित्र गर्नुपर्नेछ ।
13) खेलकुद प्रतियोगिताको टाइसीट(खेल तालिका) २०७६ फागुन २४ गते बेलका ५:०० बजे पछि प्रकासन गरिनेछ सोको जानकारी रोशीको website र हेल्लो रोशी गाउँपालिका Facebook पेज मार्फत जानकारी गराइनेछ ।
14) खेलकुद प्रतियोगिताको टीम दर्ता शुल्क प्रति टीम रु ५,०००।(पाँच हजार मात्र) लाग्नेछ ।
15) खेलकुद प्रतियोगितामा विजेता टीमलाई नगद रु २०, ०००। , प्रमाणपत्र/मेडल सहितको ट्रफी र उपविजेता टीमलाई नगद रु १०,०००।, प्रमाणपत्र र मेडलको व्यवस्था गरिनेछ ।
16) खेलाडीहरुका लागि खाना तथा खाजा र बस्ने व्यवस्था सम्बन्धित वडा वा टीम आफैंले गर्नुपर्नेछ । खानेपानीको व्यवस्थापन आयोजकले गर्नेछ ।
17) खेलकुद प्रतियोगिता २०७६ फागुन २६ गते देखि २०७६ फागुन ३० सम्म सञ्चालन हुनेछ ।
18) खेलकुद सम्बन्धी अन्य नियमहरु रेफ्री र आयोजकको समन्वयमा निर्धारण गरी खेलकुद प्रतियोगिताको २ दिन अगावै प्रकाशित गरिनेछ ।
19) बसाइ सराइको हकमा बसाइ सराइको प्रमाणपत्रको प्रतिलिपि वा गाउँपालिकाभित्रको सम्बन्धित व्यक्तिको लालपूर्जाको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

डम्बरु दाहाल
प्रमुख प्रशासकीय अधिकृत

रोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कटुञ्जेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्या : ०७६/७७

चलानी नं. १६८६

मिति : २०७६।११।१५

---

विषयः फुटबल प्रतियोगिता सम्बन्धमा ।

श्री १२ वटै वडा कार्यालयहरु
रोशी गाउँपालिका अन्तर्गत ।

प्रस्तुत विषयमा रोशी गाउँपालिकाको मिति २०७६।१०।१६ गते बसेको गाउँ कार्यपालिकाको बैठकले फागुन महिनामा अध्यक्ष कप फुटबल प्रतियोगिता सम्पन्न गर्ने निर्णय भएबमोजिम मिति २०७६ फागुन २६ गते देखि ३० गतेसम्म अन्तर वडास्तरीय अध्यक्ष कप फुटबल प्रतियोगिता(रोशी गाउँपालिकाको आयोजना र वरपिपल क्लवको संयोजनमा) सञ्चालन हुने भएकोले प्रतियोगितामा सहभागी हुन चाहने खेलाडीहरुले सम्बन्धित वडा कार्यालयको समन्वय र सिफारिस सहित देहायको मिति, समय र स्थानमा मिति २०७६ फागुन २४ गतेभित्र टीम दर्ता गर्नुहुन अनुरोध छ ।

तपसिलः

टीम दर्ता गर्ने स्थानः रोशी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा कटुञ्जेवेशी ।

टीम दर्ता गर्ने अन्तिम मितिः २०७६ फागुन २४ गते ।

समयः अपरान्ह ४:०० वजेसम्म ।

खेलकुद प्रतियोगिता हुने स्थानः रोशी-७, चारसयबेशी नजिकैको खेल मैदान(छताप)

खेलकुद प्रतियोगिताको विस्तृत जानकारीका लागि रोशी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा वा वरपिपल युवा क्लवमा सम्पर्क हुन ।

खेलकुद प्रतियोगिताको शर्त तथा नियमहरु निम्नानुसार हुनेछन् :

...........................

डम्बरु दाहाल

प्रमुख प्रशासकीय अधिकृत

डम्बरु दाहाल

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री रोशी एफ.एम. स्टेसन, भकुण्डेबेशी, काभ्रेपलाञ्चोकः सूचना संप्रेषण गरिदिनुहुन ।